06th of sept

आकाशवाणी

मुख्य समाचार:

- राष्ट्रपति र प्रधानमन्त्रीले दिनुभयो पेरिस पाराओलम्पिका स्वर्ण पदक विजेता प्रवीण कुमारलाई बधाई
- श्री मोदीले आज नयाँ दिल्लीमा राष्ट्रिय शिक्षक पुरस्कारले सम्मानित शिक्षकहरूसँग गर्नुभयो कुराकानी
- भारत र माल्दिभ्सबीचको पाँचौं रक्षा सहयोग वार्ता आज नयाँ दिल्लीमा सम्पन्न
- भाजपाका वरिष्ठ नेता श्री अमित शाहाले गर्नुभयो जम्मु कश्मीरमा चुनावी घोषणापत्र जारी; यससँगै पार्टीको चुनावी अभियान आजदेखि सुरु
- केन्द्रीय कृषि मन्त्री र गृह राज्यमन्त्रीले खम्मम जिल्लाका बाढी पीडितहरूलाई सबै सम्भव सहयोग गर्ने दिनुभयो आश्वासन

अब समाचार विस्तारमा

राष्ट्रपति र प्रधानमन्त्रीले पेरिस पाराओलम्पिमा स्वर्ण पदक विजेता प्रवीण कुमारलाई बधाई दिनुभएको

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु र प्रधानमन्त्री श्री नरेन्द्र मोदीले पेरिस पाराओलम्पिक खेलकुदमा पुरुष हाई जम्प इभेन्टमा स्वर्ण पदक विजेता प्रवीण कुमारलाई बधाई दिनुभएको छ। श्रीमती मुर्मुले कीर्तिमान प्रदर्शनका साथ लगातार पाराओलम्पिकमा पदक जितेर प्रवीणले असाधारण प्रतिभा देखाएको बताउनुभयो।उहाले भारतलाई प्रवीणले गौरवान्वित बनाएको बतानुभयो । राष्ट्रपतिले प्रवीण भविष्यमा खेलकुदको उत्कृष्टताको नयाँ उचाइमा पुग्ने बताउनुभयो। प्रधानमन्त्री श्री नरेन्द्र मोदीले पनि प्रवीणको दृढ संकल्प र लगनशीलताले देशलाई गौरवान्वित तुल्याएको बताउनुभयो ।

श्री मोदीले आज नयाँ दिल्लीमा राष्ट्रिय शिक्षक पुरस्कारले सम्मानित शिक्षकहरूसँग कुराकानी गर्नुभयो।

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले मातृभाषामा शिक्षा प्राप्त गर्नुपर्नेमा जोड दिनुभएको छ ।श्री मोदीले आज नयाँ दिल्लीमा राष्ट्रिय शिक्षक पुरस्कारले सम्मानित शिक्षकहरूसँग कुराकानी गर्नुभयो। उहाले यी शिक्षकहरूसँग राष्ट्रिय शिक्षा नीतिको प्रभावबारे छलफल पनि गर्नुभएको थियो। श्री मोदीले शिक्षकहरूलाई विद्यार्थीहरूलाई विभिन्न भाषाहरूमा स्थानीय लोककथाहरू सुनाउन सुझाव दिनुभयो,यसले विद्यार्थीहरूले धेरै भाषाहरू सिक्न र भारतको जीवन्त संस्कृतिसँग परिचित हुन सक्ने बताउनु भयो। प्रधानमन्त्रीले भारतको विविधताको जानकारी लिन विद्यार्थीहरुलाई शिक्षकहरूले शैक्षिक पर्यटनमा लाजानुपर्ने बताउनु भयो। यसको उद्देश्य विद्यार्थीहरूलाई समग्र रूपमा आफ्नो देशको बारेमा जान्न र सिक्न सहयोग गर्ने हो। श्री मोदीले यस्ता शैक्षिक भ्रमणले पर्यटन र स्थानीय अर्थतन्त्रलाई बढावा दिने पनि उल्लेख गर्नुभयो। प्रधानमन्त्रीले पुरस्कृत शिक्षकहरुलाई सामाजिक सञ्जालमार्फत एक अर्कासँग जोडिन सुझाव दिनुभएको छ ।श्री मोदीले शिक्षकहरूलाई उनीहरूको अभ्यासको उत्कृष्ट शीक्षण शैलीलाई अन्य शिक्षकहरसगँ साझा गर्न पनि सुझाव दिनुभयो। पुरस्कृत शिक्षकहरुले प्रधानमन्त्रीसँग आ–आफ्ना शिक्षण अनुभवहरु साझा गरेका थिए ।

भाजपाका वरिष्ठ नेता अमित शाहाले गर्नुभयो जम्मु कश्मीरमा चुनावी घोषणापत्र जारी; यससँगै पार्टीको चुनावी अभियान आजदेखि सुरु

भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा केन्द्रीय गृहमन्त्री श्री अमित शाहले जम्मू–कश्मीर विधानसभा चुनावका लागि आफ्नो दुई दिने जम्मू भ्रमणका क्रममा पार्टी घोषणापत्र जारी गर्नुभएको छ। यससँगै पार्टीको चुनावी अभियान पनि आजदेखि सुरु भएको छ। यस अवसरमा उहाले भारत स्वतन्त्र भएदेखि अहिलेसम्म जम्मु कश्मीर भाजपाका लागि निकै महत्वपूर्ण रहेको बताउनुभयो। उहले धारा 370 अब इतिहास बनिसकेको र फिर्ता नहुने बताउनुभयो। श्री शाहको यो भ्रमणका क्रममा भारतीय जनता पार्टीको चुनावी अभियान तिब्र रुपमा सुरु भएको छ भने पार्टीका नेताहरुले महत्वपूर्ण भेटघाट र जनसभा आयोजना गरिरहेका छन्। आज साँझ श्री शाहले पार्टी नेता र कार्यकर्ताहरूसँग बैठक गर्नुहुदैछ जसमा जम्मू-कश्मीर र चुनावी अभियानका रणनीति सम्बन्धी मुद्दाहरू छलफल हुनेदैछ। उहाले भोलि जम्मुको पालोरामा चुनावी सभालाई सम्बोधन पनि गर्नुहुने छ।

भारत र माल्दिभ्सबीचको पाँचौं रक्षा सहयोग वार्ता आज नयाँ दिल्लीमा सम्पन्न

भारत र माल्दिभ्सबीचको पाँचौं रक्षा सहयोग वार्ता आज नयाँ दिल्लीमा सम्पन्न भयो। भारतीय प्रतिनिधिमण्डलको नेतृत्व रक्षा सचिव श्री गिरिधर अरमानेले गर्नुभएको थियो भने माल्दिभ्सको नेतृत्व रक्षा बल प्रमुख जनरल इब्राहिम हिल्मीले गर्नुभयो। भेटमा दुई पक्षबीच द्विपक्षीय रक्षा सहयोगका विषयमा छलफल भएको रक्षा मन्त्रालयले जनाएको छ। भेटमा विभिन्न रक्षा सहयोग परियोजनाहरुको कार्यान्वयनलाई तिब्रता दिने विषयमा छलफल भएको मन्त्रिलयले जानकारी दिएको छ। दुवै पक्षले आगामी द्विपक्षीय सैन्य अभ्यास सहभागिताका विषयमा पनि छलफल गरेका छन्। रक्षा मन्त्रालयले सम्पूर्ण वार्ता फलदायी भएको र यसले निकट भविष्यमा दुवै देशको साझा हितलाई प्रवर्द्धन गर्दै हिन्द महासागर क्षेत्रमा स्थायित्व र समृद्धि ल्याउने बताएको छ।

बिजु जनता दलका पूर्व राज्यसभा सांसद श्री सुजित कुमार आज भाजपामा सामेल

बिजु जनता दलका पूर्व राज्यसभा सांसद श्री सुजित कुमार आज भाजपामा सामेल हुनुभएको छ । श्री सुजित नयाँ दिल्लीस्थित पार्टी मुख्यालयमा भाजपा नेता तथा केन्द्रीय मन्त्री श्री धर्मेन्द्र प्रधान, पार्टी महासचिव श्री अरुण सिंह र अन्यको उपस्थितिमा पार्टीमा सामेल हुनुभएको हो। यसअघि श्री सुजित कुमारले राज्यसभाबाट राजीनामा दिनुभएको थियो। राज्यसभाका अध्यक्ष श्री जगदीप धनखरले श्री सुजित कुमारको राजीनामा स्वीकृत पनि गर्नुभएको छ। यसैबीच बिजु जनता दलका अध्यक्ष श्री नवीन पटनायकले श्री सुजित कुमारलाई पार्टी विरोधी गतिविधि गरेको भन्दै पार्टीबाट निष्कासन पनि गर्नुभएको थियो।

केन्द्रीय कृषि मन्त्री र गृह राज्यमन्त्रीले खम्मम जिल्लाका बाढी पीडितहरूलाई सबै सम्भव सहयोग गर्ने आश्वासन

केन्द्रीय कृषि मन्त्री श्री शिवराज सिंह चौहान र गृह राज्यमन्त्री श्री बून्दी सञ्जय कुमारले खम्मम जिल्लाका बाढी पीडितहरूलाई सबै सम्भव सहयोग गर्ने आश्वासन दिनुभएको छ। उहाले खम्ममको बाढी प्रभावित क्षेत्रको हवाई सर्वेक्षण गर्नुका साथै पालेरुको सागर बाई नहरमा चर्किएको ठाउँको पनि निरीक्षण गर्नुभएको थियो।उहाले बाढीका कारण खेतीमा क्षती पुगेको स्थानको पनि निरीक्षण भ्रमण गर्नुभएको थियो। राज्यका कृषि मन्त्री श्री टी नागेश्वर राव र राजस्व मन्त्री श्री पी श्रीनिसा रेड्डी पनि उहासँग निरीक्षणको समयमा उपस्थिति हुनुहन्थ्यो।श्री शिवराज सिंह चौहानले आज मुख्यमन्त्री श्री रेवन्त रेड्डीलाई भेटेर अधिकारीहरूसँग भारी वर्षा र बाढीबाट भएको क्षतिको समीक्षा गर्नुहुनेछ।

भारतीय जनता पार्टीले कोलकातामा एक डाक्टरको कथीत बलात्कार र हत्या प्रकरणमा पश्चिम बंगाल सरकारको कडा आलोचना गरेको

भारतीय जनता पार्टीले कोलकातामा एक डाक्टरको कथीत बलात्कार र हत्या प्रकरणमा पश्चिम बंगाल सरकारको कडा आलोचना गरेको छ। पार्टी प्रवक्ता श्री सम्बित पात्राले आज नयाँ दिल्लीमा भन्नुभयो पीडितका बुबाले बताएअनुसार जिल्ला मजिस्ट्रेटले उहालाई केही रकमको प्रस्ताव गरेको तर उहाले जिल्ला मजिस्ट्रेटको प्रस्तावलाई अस्वीकार गरे आरोप लगाउनु भएको छ। श्री पात्राले बालिकाको मृत्युपछि उहाको शव लिनका लागि उनका अभिभावकले घण्टौं कुर्नुपरेको बताउनुभयो। त्यसबेला पुलिसले सादा कागजमा हस्ताक्षर समेत गर्न लगाएको मृतक डाक्टरका बाबुले बताएको श्री यात्राले बताउनुभयो ।उहाँले श्रीमती ममता बनर्जीको सरकारले यी आरोपहरूमा स्पष्टीकरण दिनुपर्ने माग गर्नुभएको छ।

मुख्य समाचार फेरि एकपल्ट

- राष्ट्रपति र प्रधानमन्त्रीले दिनुभयो पेरिस पाराओलम्पिका स्वर्ण पदक विजेता प्रवीण कुमारलाई बधाई
- श्री मोदीले आज नयाँ दिल्लीमा राष्ट्रिय शिक्षक पुरस्कारले सम्मानित शिक्षकहरूसँग गर्नुभयो कुराकानी
- भारत र माल्दिभ्सबीचको पाँचौं रक्षा सहयोग वार्ता आज नयाँ दिल्लीमा सम्पन्न
- भाजपाका वरिष्ठ नेता श्री अमित शाहाले गर्नुभयो जम्मु कश्मीरमा चुनावी घोषणापत्र जारी; यससँगै पार्टीको चुनावी अभियान आजदेखि सुरु
- केन्द्रीय कृषि मन्त्री र गृह राज्यमन्त्रीले खम्मम जिल्लाका बाढी पीडितहरूलाई सबै सम्भव सहयोग गर्ने दिनुभयो आश्वासन